का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ जेठ २०८०,
शुक्रबार
9 June 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक १३४ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com

बजेटमा सांसदको टिप्पणी

# पञ्चायत र बहुदलको झल्को मेटिएन

मुलुकलाई संघीय लोकतान्त्रिक शासन व्यवस्थामा रुपान्तरण गर्न भूमिका खेलेका उनै प्रचण्डले बजेट भने पञ्चायती शैलीको, बहुदलको जस्तो अर्थात एकात्मक राज्य प्रणालीको झल्को दिने गरी ल्याएको आरोप खेपिरहेका छन् ।



● पृथ्वीसुब्बा गुरुङ
सांसद, एमाले

बहुदलकालको ५०/६० करोडको बजेटमा एउटा पालिकाले तीन लाख, दश लाख, १५ लाख, बीस लाख पाउँथे। अहिले पनि त्यस्तै पाउने कुराले बजेटलाई पञ्चायतकालीन बजेटको पुनरावृत्ति भन्न सकिन्छ।



● पूर्णबहादुर घर्ती
नेता, माओवादी केन्द्र

संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रमको आशयलाई सम्बोधन गर्न सकेन। बजेटले एकात्मक राज्य प्रणालीको झल्को दिन्छ। माफ गर्नुहोला यस्तै प्रकारको लाग्यो मलाइ।



● अम्मरबहादुर थापा
सांसद, एकीकृत समाजवादी

जो प्रभावशाली र जिम्मेवारीमा छ उसैले हालीमुहाली गर्ने भए बहुदल, लोकतन्त्र, समावेशिता र संघीयताको के औचित्य छ ?

## जवाफ दिँदै अर्थमन्त्री डा.महत

अर्थमन्त्री डा. प्रकाशशरण महतले आज (शुक्रबार) राष्ट्रिय सभामा बजेटमाथि उठेका प्रश्नहरुको जवाफ दिँदैछन् । राष्ट्रिय सभाको बैठक शुक्रबार बिहान ११ बजेर ३१ मिनेटमा बोलाइको छ। उक्त बैठकमा आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)माथि सांसदहरुले उठाएका प्रश्नहरुको जवाफ दिने कार्यसूची तय भएको छ। संसद सचिवालयका महासचिव डा. भरतराज गौत्तमले शुक्रबारको

>>> पृष्ठ २ मा



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ जेठ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड राजतन्त्रात्मक व्यवस्था फालेर विकेन्द्रिकृत शासन व्यवस्थाका लागि १० वर्षे शसत्र युद्ध जनयुद्धको नेतृत्व गरेका व्यक्ति हुन् । मुलुकलाई संघीय लोकतान्त्रिक शासन व्यवस्थामा रुपान्तरण गर्न भूमिका खेलेका उनै प्रचण्डले बजेट भने पञ्चायती शैलीको, बहुदलको जस्तो अर्थात एकात्मक राज्य प्रणालीको झल्को दिने गरी ल्याएको आरोप खेपिरहेका छन् । यस्तो आरोप लगाउनेहरु विपक्षी दलहरु मात्र नभएर प्रचण्ड नेतृत्वको माओवादी केन्द्रकै नेता तथा सांसदहरु समेत छन् ।

प्रमुख विपक्षी दल नेकपा एमालेका सांसद पृथ्वी सुब्बा गुरुङ बजेटले ७५३ वटा सरकार छ भन्ने भुलेको र एकात्मकतावादी भएर आएको बताउँछन् । बिहीबार प्रतिनिधिसभामा बजेटमाथिको छलफलमा भाग लिंदै उनले पञ्चायत र बहुदलमा जस्तै बजेट आएको टिप्पणी गरे । बहुदलकालको ५०/६० करोडको बजेटमा एउटा पालिकाले तीन लाख, दश लाख, १५ लाख, बीस लाख पाउँथे' उनी थप्छन्, 'त्यस्तै त्यस्तै अधिकार पाउने कुराको हिसाब गर्दा यो बजेटलाई पञ्चायतकालीन बजेटको पुनरावृत्ति भयो भन्न सकिन्छ । यो बजेटलाई बहुदलकालको बजेटको पुनरावृत्ति भयो भन्न सकिन्छ ।'

सबै अधिकार सम्पन्न प्रदेश सरकार, स्थानीय सरकारलाई पहिलेकै जस्तो केन्द्र सरकारले आफ्नो लाइन एजेन्सी जस्तो ठानेर बजेट विनियोजन गरेका कारण प्रस्तुत बजेटले उत्पादन नबढाउने, उत्पादकत्व नबढाउने, रोजगारी सिर्जना नगर्ने, गरिबी निवारण नगर्ने र समाजवादको आधार पनि तयार गर्न नसक्ने उनको भनाइ छ ।

अहिले कार्यकारी अधिकार सहितको, राज्यशक्तिको अधिकारको, राजकीय सत्ताको अधिकार प्राप्त ७५३ वटा सरकारहरु रहेको उल्लेख गर्दै उनले भने, 'यो बजेटले ७५३ वटा सरकार छ भन्ने भुलेको छ ।'

सरकारले जुन जुन क्षेत्रलाई फोकसको क्षेत्र बनाएको छ त्यस आधारमा समेत बजेट प्रगतिशील नभएको र समाजवादको यात्रा तय र डिपार्चर गर्नका लागि केही नभएको पाउन सकिने उनले बताए ।

'बजेटको संरचना हेर्दा राजश्वको संरचना कर प्रणालीमा कुनै परिवर्तन छैन। भन्सार राजश्वमा रमाउने सरकार, कमिसनतन्त्रमा रमाउने व्यापारिक क्षेत्रले मुलुकको अर्थतन्त्रको विकासमा टेवा पुर्याउन सक्दैन । राष्ट्रिय पूँजी निर्माण हुन सक्दैन' उनले भने। राष्ट्रिय पूँजी निर्माण नहुँदा सरकारले निर्वाह गनैपर्ने शिक्षा, स्वास्थ्य लगायत क्षेत्रका सामाजिक सुरक्षाका क्षेत्रहरुको दायित्व पूरा गर्न नसक्ने उनको भनाइ छ ।

'कुनै महामारी आयो भने राज्य असफल हुन्छ । कोभिड महामारीमा युरोप, अमेरिका असफल भयो' उनले भने, 'त्यसको तुलनामा सिंगापुर, चाइना, भियतनाम सफल देखियो। राष्ट्रिय पूँजी भएको मुलुक सफल देखियो । यसतर्फ यो बजेट जान सकेन ।'

यस्तै टिप्पणी गर्छन, अर्का सांसद एवं सरकारको नेतृत्वकर्ता दल माओवादी केन्द्रमा नेता पूर्णबहादुर घर्ती । अमूक जिल्ला र योजनामा बजेट पार्ने प्रवृत्ति को पुनरावृत्ति हुनुले राम्रो संदेश प्रवाह नगरेको उनको भनाइ छ ।

बजेटमाथिको सामान्य छलफलमा भाग लिंदै उनले भने, 'अमूक जिल्ला, अमूक आयोजनामा बजेट पार्न कि पहुँच हुनुपर्ने कि मन्त्री नै हुनुपर्ने पुरानो प्रवृत्ति पुनरावृत्ति अहिलेको बजेटमा पनि देखा पर्‍यो ।'

वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम विनियोजन भएको ५ अर्बमध्ये आधा रकम प्रधानमन्त्री, अर्थमन्त्री र देउवाको जिल्लामा मात्रै रहेको र आधार रकम ७४ जिल्लामा छुट्याइएको पाइएको छ । यस खालको प्रवृत्तितर्फ संकेत गर्दै सरकारको नेतृत्वकर्ता दल माओवादी केन्द्रकै सांसद घर्तीले बजेट पार्न पहुँच वा मन्त्री नै हुनुपर्ने विगतको प्रवृत्ति यसपटकको बजेटमा पनि देखा परेको बताएका हुन् ।

शिक्षा, स्वास्थ्य र पूर्वाधारमा एकदमै अप्रयाप्त बजेट विनियोजन गरिएको भन्दै उनले यसप्रति समेत असन्तुष्टि जनाए। 'यसले संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रमको आशयलाई सम्बोधन गर्न सकेन्' उनले थपे, ' बजेटले एकात्मक राज्य प्रणालीको झल्को दिन्छ । माफ गर्नुहोला यस्तै प्रकारको मलाई लाग्यो ।'

बजेटले दलाल अर्थतन्त्रको विकासलाई प्राथमिकता दिएको पनि उनको टिप्पणी छ । 'दैनिक उपभोग्य वस्तु र विलासी वस्तुहरुमा गरेको करको वृद्धिदरले स्वाधीन अर्थतन्त्रको विकास भन्दा पनि दलाल अर्थतन्त्रको विकासलाई प्राथमिकता दिएको छ । यसले समाजवाद उन्मुख राष्ट्र निर्माणको संवैधानिक व्यवस्थालाई सम्बोधन गर्न सक्दैन्' माओवादी सांसद घर्तीको भनाइ छ ।

तथापि, बजेटमा कतिपय सकारात्मक पक्ष रहेको उल्लेख गर्दै उनले कार्यान्वयन चुनौतीपूर्ण रहेको बताएका छन् ।

एकीकृत समाजवादीका सांसद अम्मरबहादुर थापा संघीयता अगाडि र पछाडिको बजेटमा उस्तै अवस्था देखा पर्नुले व्यवस्थामाथि प्रश्न गर्नेहरुलाई बल पुगिरहेको बताउँछन् । >>> पृष्ठ २ मा

# एक्सनमा आयोग

जिल्ला निर्वाचन कार्यालयलाई खारेज गर्ने सरकारको निर्णयप्रति असन्तुष्ट रहेको निर्वाचन आयोग दलहरुलाई छलफलमा बोलाउने गरी एक्सनमा उत्रिएको छ। सरकार पछि नहटे आयोग र सरकारबीच संवैधानिक खाडल सिर्जना हुने उसको चेतावनी छ।






आयोगको परामर्श बिना जिल्ला निर्वाचन कार्यालय चलाउन पाइँदैन । निर्णय नसच्चिने हो भने आयोग र सरकारबीच संवैधानिक खाडल सिर्जना हुन्छ ।

**रामप्रसाद भण्डारी**
आयुक्त, निर्वाचन आयोग



जिल्ला निर्वाचन कार्यालयलाई खारेज गर्ने र यसको काम जिल्ला प्रशासनमा सार्ने निर्णयले निर्वाचन आयोगको भूमिकालाई संकुचित पार्छ र यो विषय संविधानसम्मत पनि छैन ।

**गगन थापा**
महामन्त्री, कांग्रेस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ जेठ ।

निर्वाचन आयोगले जिल्ला निर्वाचन कार्यालय खारेज गर्ने सरकारको निर्णयबारे छलफल गर्न शुक्रबार सर्वदलीय छलफल गर्ने भएको छ ।

संविधानमा भएको व्यवस्था विपरित सरकारले आयोगलाई कार्यापालिका मातहत राख्ने खोजेकाले सबै दलसँग परामर्श गर्न लागिएको आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिए । १५ जेठमा संघीय संसदमा प्रस्तुत बजेटमा जिल्ला निर्वाचन कार्यालयलाई खारेज गरेर जिल्ला प्रशासन कार्यालय मातहतमा लगिएको छ ।

निरन्तर रुपमा क्रियाशील भइरहनु पर्ने निकाय खारेज गर्नु संविधान विपरीत भएकाले आफूहरुले पनि प्रधानमन्त्री र मन्त्रीहरुसँग पनि भेट्ने उनले बताए ।

'आयोगको परामर्श बिना सरकारले कुनैपनि संरचना चलाउन पाइँदैन । निर्णय नसच्चिने हो भने आयोग र सरकारबीच संवैधानिक खाडल श्रृजना हुन्छ । यस्तै भयो भने आयोग अन्य विकल्पमा जानुपर्ने अवस्था हुनसक्छ ।' आयुक्त भण्डारीले भने ।

प्रशासनिक नेतृत्वले गरेको निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वसनीय हुँदैन भन्ने मान्यताका कारण जिल्ला न्यायाधीशको नेतृत्वमा निर्वाचन गर्ने गरी संवैधानिक व्यवस्था भएकोतर्फ सरकार सचेत हुनुपर्ने उनले बताए ।

यस विषयमा संसदमा पनि निरन्तर आवाज उठिरहेको छ । नेपाली कांग्रेसका महामन्त्री समेत रहेका प्रतिनिधिसभा सदस्य गगन कुमार थापा निर्वाचन आयोगको जिल्ला कार्यालय खारेज गर्ने निर्णय सच्याउनुपर्ने बताउँछन् ।

बुधबार प्रतिनिधिसभाको शून्य समयमा बोल्दै उनले भने, 'आफूले गरेको गल्तिलाई समयमै सच्यायो भने त्यो गल्तिको दुष्प्रभाव बेहोर्नुपर्दैन ।'

जिल्ला निर्वाचन आर्यालय खारेज गर्ने प्रस्ताव संविधान अनुकुलसमेत नरहेको थापाको भनाइ छ ।

'बजेटमा प्रस्तावित भएको जिल्ला निर्वाचन कार्यालयलाई खारेज गर्ने र यसको काम जिल्ला प्रशासनमा सार्ने यो काम यदी भयो भने यसले निर्वाचन आयोगको भूमिकालाई संकचित पार्छ र यसको कामलाई प्रभावित गर्छ। किनकी जिल्ला प्रशासन कार्यालयले गर्ने काम प्रकारान्तरले कार्यकारीको हस्तक्षेपबाट मुक्त हुन सक्दैन् । र यो विषय संविधानसम्मत पनि छैन् ।'

संविधानले निर्वाचनका निम्ति मतदाता नामावली संकलन गर्ने काम निर्वाचन आयोगलाई नै जिम्मा >>> पृष्ठ २ मा

# २२ अर्ब सकियो, प्रगति शून्य

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २५ जेठ ।

नेपाल सरकार सहित विभिन्न विदेशी निकायको सहयोगमा वाग्मती सफाई अभियान दशकौं देखि सुरु गरिएपनि उपलब्धि भने शून्य नै देखिएको छ । बरु, नदी मिचेर टहरा बनाउने र वर्षेनी अर्बौको बजेट सक्याउने क्रम रोकिएको छैन । अर्कातिर नदीमा पानी होईन, अझैपनि ढल नै बगिरहेको छ । सोही विषयलाई लिएर रास्वपाकी सांसद निशा

## बाग्मतीको दुर्दशा

डाँगीले सदनमै २२ अर्ब पैसा खोलामा बगेपनि प्रगति भने केही नभएको बताएकी छिन् ।

'बागमती लगायत अन्य नदीको दुर्दशा बदल्ने भनेर अहिलेसम्म २२ अर्ब बागमतीमा बगिसकेको छ, एकातिर नदी सरसफाई गर्ने भनेर वर्षेनी दुई अर्ब रूपैयाँ बढी खर्च गरिन्छ तर खोलानाला जस्ताको त्यस्तै छ' उनले भनिन् । ढल व्यवस्थापनको जिम्मा लिएको स्थानीय तह, >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# नेपाली कामदारबाट साउदी रोजगारी खोस्ने प्रपञ्च : संघ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ जेठ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले रोजगारीका लागि विदेश जाने नेपाली कामदारलाई शैक्षिक प्रमाणपत्र अनिवार्य गरेर नेपालस्थित साउदी अरेबियाको दूतावासले अत्यन्तै अव्यवहारिक कदम चालेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीको ध्यानाकर्षण गराएको छ ।

बिहीबार संघ अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा गएको संघ प्रतिनिधिमण्डलले उक्त ध्यानाकर्षण गराएको महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए । साउदी दूतावासले रोजगारीका लागि साउदी जाने नेपाली कामदारको शैक्षिक प्रमाणपत्र परराष्ट्र मन्त्रालय अन्तर्गतको कन्सुलर सेवा विभागबाट अनिवार्य प्रमाणित गर्नुपर्ने भनी लागू गर्न खोजेका प्रावधान अव्यवहारिक, कानून र प्रचलन विपरीत रहेको संघको भनाइ छ ।

संघले भनेको छ, 'नेपालबाट साउदी अरेबियालगायत खाडी मुलुक र मलेसियामा रोजगारी गर्न जाने अधिकांश नेपाली कामदार अदक्ष रहेको र उनीहरू पुस्तौनी र परम्परागत काममा निपूर्ण रहेकाले उनीहरूलाई शैक्षिक प्रमाणपत्र अनिवार्य गर्नु प्रकारान्तरले साउदी अरेबियाका रोजगारीबाट बञ्चित हुने भएकाले तत्काल कूटनैतिक पहलबाट समस्याको समाधान >>> पृष्ठ २ मा

### विभागद्वारा एक कन्सल्ट्यान्सीमा छापा

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले कलंकीमा कार्यालय रहेको एक कन्सल्ट्यान्सीमा छापा मारेर राहदानी र नक्कली डिमाण्ड लेटरसहित कागजात बरामद गरेको छ । विभागका निर्देशक गुरूदत्त सुवेदीले माल्टा, रोमानियालगायतका देशमा कामदार पठाउने भनी सामाजिक सञ्जालबाट गैरकानूनी विज्ञापन गरी रकम असुलीरहेको भन्ने उजुरीका आधारमा कलंकीस्थित युनिम्याक्स एजुकेसन कन्सल्ट्यान्सीमा बिहीबार दिउँसो विभागको टोलीले छापा >>> पृष्ठ २ मा

UAE मा SECURITY GUARD हरूलाई रोजगारको अवसर

कम्पनी : UNITED SECURITY GROUP    शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०२/२५    चलानी नं.: ६०२०२८४८    L.T. No.: 287475

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (SIRA) | 50 | 0 | स. काममा दक्ष | 1200 | ४३,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १ गते (16 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्होर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्होहोर्ने | रोजगारदाताले व्होर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

License No.: 1269/074/75
High Quality Overseas Pvt.Ltd.
Samakhushi, Town Planning, Kathmandu, Tel.: 01-4984853 | 4957168
981-5127328 | 985-1206728, Email: hiqualitynepal@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२६ जेठ २०८०, शुक्रबार
9 June 2023, Friday

# मेयर बालेनको कार्यकक्षमा ग्रेटर नेपालको नक्सा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ जेठ

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले आफ्नो कार्यकक्षको भित्तामा ग्रेटर नेपालको नक्सा राखेका छन् । भारतको नयाँ संसद भवनमा ग्रेटर इन्डियाको नक्सा राखेपछि मेयर बालेनले पनि आफ्नो कार्यकक्षको भित्तामा ग्रेटर नेपालको नक्सा राखेका हुन् ।

मेयर बालेन शाह अहिले भारतको बैंगलुरूमा छन् । उनले भारत जानु अघि नै आफ्नो कार्यकक्षमा ग्रेटर नेपालको नक्सा राख्न निर्देशन दिएका थिए । सोही निर्देशनअनुसार बिहीबार नक्सा राखिएको महानगर स्रोतले बताएको छ ।

भारतले जेठ १४ गते नयाँ संसद भवनको उद्घाटन गरेको थियो। उक्त भवनमा भारतले 'अखण्ड भारत' को नक्सा राखेको थियो । सो नक्सामा 'अखण्ड भारत' मा नेपालको लुम्बिनी र कपिलवस्तु क्षेत्रलाई समेत समेटिएको छ । भारतको उक्त कदमको नेपालभर विरोध भइरहेको छ ।

यसैबीच धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले पनि आफ्नो कार्यकक्षमा 'ग्रेटर नेपाल'को नक्सा राख्ने भएका छन् । बिहीबार सामाजिक सञ्जाल ट्वीटरमा लेख्दै साम्पाङले नक्सा राख्ने बताएका हुन् । साथै उनले अरुलाई पनि नक्सा राख्न आग्रह गरेका छन् ।

उनले लेखेका छन्, 'धरान उपमहानगरपालिकाको कार्यकक्षमा पनि 'ग्रेटर नेपाल' को नक्सा छिट्टै राखिने छ । तपाईंहरू पनि आफ्नो घर, कार्यालय, सामाजिक सञ्जालतिर यो नक्सा राख्नुहोस् ।'



**'नेपालले ग्रेटर नेपालको नक्सा बनाउने हक राख्छ'**

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपाललाई पनि ग्रेटर नेपालको नक्सा बनाउने हक भएको बताएका छन् । विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै महामन्त्री थापाले यदि अर्को देशले सांस्कृतिक नक्सा बनाएर मेरो यो हो भन्ने हक राख्छ भने नेपालले पनि ग्रेटर नेपालको नक्सा बनाउने र त्यसबारे चिन्तन गर्ने हक राख्ने बताए ।

उनले भारतको संसद भवनमा राखिएको नक्सा सांस्कृतिक मात्र मान्न हो भने नेपालले पनि ग्रेटर नेपालको नक्सा बनाउँदा सहजतापूर्वक स्वीकार गर्नुपर्ने बताए ।

महामन्त्री थापाले लिम्पियाधुरा, लिपुलेक नेपालको भूमि भएको र यो भारतले फिर्ता गर्नुपर्ने बताए । लिम्पियाधुरा, लिपुलेक नेपालले साट्नेलगायतका विकल्पमा सोचेर आफ्नो पोजिसन कमजोर पार्ने कुनै कारण नरहेको बताए । महामन्त्री थापाले नेपाल भूपरिवेष्ठित देश भएकाले बंगलादेश जाने बाटो पाउने अन्तर्राष्ट्रिय अधिकार कसैले हनन् गर्न नपाउने समेत स्पष्ट पारे ।

## झोलुङ्गे पुल जीर्ण हुँदा आवतजावतमा समस्या

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २५ जेठ



हिमाली जिल्ला हुम्लाको मध्य क्षेत्रमा पर्ने सर्केगाड र सदरमुकामसँग जोडिएको खार्पुनाथ गाउँपालिका जोड्ने छार्ययामा भएको झोलुङ्गे पुल जीर्ण हुँदा बटुवा र सामान ढुवानी गर्ने खच्चडलाई आवतजावतमा समस्या भएको छ ।

करिब १२ वर्ष अगाडि निर्माण गरिएको झोलुङ्गे पुलको डेक काठको हुनाले पटक-पटक काठ फेर्नुपर्ने हुन्छ । पुलमा भएको डेकमा विभिन्न ठाउँमा ठूला-ठूला प्वाल पर्दा पुल जीर्ण भएको हो ।

उक्त प्वाललाई पुर्न माथिबाट स्थानीयले काठ राखेर आवतजावत गर्ने गरेको खच्चडबाट सामान ओसारपसार गर्ने नवराज रोकायले मध्यान्हलाई बताए । उनले पुलमा ठूला प्वाल हुँदा खच्चड तथा बटुवाको खुट्टा अड्किने गरेको बताए ।

पुल कर्णाली नदिको मुख्य ठाउँमा रहेका कारण वर्षको एक पटक भएपनि दुई वटा गाउँपालिका मिलेर मर्मता गर्न आवश्यक रहेको स्थानीय ज्ञानबहादुर रोकायाले बताए ।

दुई वटा गाउँपालिका जोड्ने र जिल्ला सदरमुकाम जान उक्त पुल मुख्य पुलको रुपमा रहेको छ । झोलुङ्गे पुल वरपरका फलामका लट्ठा पनि खिया लागेको र पुलको वरपरको छालिमा पनि प्वाल परेको छ ।

सर्केगाड, चंखेली, अदानचुली र ताजाकोट गाउँपालिकाका स्थानीयले यही जीर्ण पुल पार गर्न बाध्य भएको सर्केगाड गाउँपालिकाका स्थानीय संराम एडिले बताए । यसमा स्थानीय, प्रदेश र संघीय सरकारले समयमा नै ध्यान दिए दुर्घटना हुनबाट जोगिने स्थानीय बताउँछन् ।

## खडेरीले उखुको बोट सुक्न थालेपछि सर्लाहीका किसान चिन्तित

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २५ जेठ

वर्षायामको समय भएपनि लामो समयको खडेरीका कारण उखुको बोट सुक्न थालेपछि सर्लाहीका कृषकहरू चिन्तित बनेका छन् । उखु खेती विशेषगरी सिँचाइ सुविधा नभएको र आकाशे पानीको भरमा गरिने भएकाले धेरै कृषक मर्कामा परेका छन् । किसानले लगाएको उखु बाली मात्र नभई व्यावसायिकरूपमा लगाइएको तरकारी खेतीमा समेत खडेरीको प्रभाव परेको छ ।

बरहथवा नगरपालिका वडा नं १५ का वडा सदस्य रामहरि श्रेष्ठले खडेरीले उखुको बोट सुक्न थालेको जानकारी दिए । उनले भने, 'प्राय:जसो आकाशे पानीको भरमा उखु खेती गरेर जीवन गुजारा चलाउँदै आएका यहाँका किसान लामो समयसम्म पानी नपर्दा दु:ख गरेर उमारेको उखुको बोट सुक्न थालेपछि चिन्तित छन् ।'



बरहथवा नगरपालिका-१५ हरपुर्वाका किसान रामबाबु यादवले खडेरीले उखु सुक्न थालेपछि परिवार कसरी पाल्ने भन्ने चिन्ता बढेको बताए । उनले भने, 'सिँचाइको व्यवस्था नभएकाले आकाशे पानीको भरमा हामी उखु खेती गर्छौं । धेरै खर्च लगाएर गरेको उखु खेती खडेरीले सुक्न थालेपछि भोकमरी निम्तिने अवस्था आउँछ कि भन्ने चिन्ता बढेको छ ।'

यसैगरी सोही ठाउँका किसान राजकुमार महतोले सिँचाइको व्यवस्था नभएकाले तेल किनेर भाडाको दमकलबाट सिँचाइ गर्दा खर्च बढी लाग्ने गरेको र खेत समथर नहुँदा सिँचाइ गर्न कठिनाइ भएको बताए ।


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **लुम्बिनी दर्शन म्यानपावर प्रा.लि.** श्रम इजाजत पत्र न. ५७९/०६२/०६३ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | अवधी मिति |
|---|---|---|---|
| १. | सविता लामा | डकुमेन्टेसन | 2076-11-22 |
| २. | सुनिल भण्डारी | श्रम प्रतिनिधि | 2078-08-01 |

श्रम इजाजत नं. ५७९/०६२/०६३

**लुम्बिनी दर्शन म्यानपावर प्रा. लि.**
सुकेधारा-४, काठमाडौं, नेपाल । मोबाइल: ९८५२६८२३६६
फोन: ४५४५८२७, E-mail: lumbinidarshan014@gmail.com


### बजेटमा...

'संघीयता अगाडि पनि त्यस्तै हुन्थ्यो । प्रवुद्ध व्यक्तिहरु भएका ठाउँमा मात्रै बजेट जान्थ्यो र त्यो बजेटले अन्यत्र छुँदैनथ्यो । त्यसैले संघीयता चाहिएको हो' उनी भन्छन्, 'समानुपातिक वितरण होस भनेर हामी संघीयताको पक्षमा लागेका हौं । आज पनि त्यस्तै हुने हो भने यो संघीयताको के औचित्य ?' प्रभावशाली नेताले आफ्नो जिल्लामा बढी बजेट लैजाँदा संघीयताकै औचित्यमाथि प्रश्न उठेको उनको भनाइ छ । 'जो छ उसैले हालीमुहाली गर्ने भए बहुदल, लोकतन्त्र, समावेशिता र संघीयताको के औचित्य छ ?' सांसद थापाको प्रश्न छ ।

### जवाफ...

बैठकको सम्भावित कार्यसूची निकालेर बजेटमाथि उठेका प्रश्नहरुको जवाफ अर्थमन्त्री महतले दिने तय भएको जानकारी दिएका छन् । प्रतिनिधि सभाको बैठकमा भने बजेटमाथिको छलफल जारी छ ।

### एक्सनमा...

दिएको उल्लेख गर्दै उनले जिल्ला निर्वाचन कार्यालय खारेज गरिए निर्वाचनको निश्पक्षतामा असर पर्न सक्ने बताए । 'खर्च कटौतीको कोणबाट यसलाई हेरेको हो भने वर्षमा यो काम गरे बापत्त अधिकतम १५ करोड भन्दा बढी बचत हुने अवस्था देखिँदैन् । के १५ करोड बचन गर्नको लागि निर्वाच्नको निश्पक्षतामा सम्झौता गर्नुपर्ने अवस्था हामी पुगिसकेको हो त ?' उनको प्रश्न छ ।

### २२ अर्ब ...

अधिकारसम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिले नामको मात्रै सफाई अभियान चलाएको बताएकी छिन् । सांसद डाँगीले भनेजस्तै वाग्मतीको सफाईका लागि पैसा मात्रै होईन, हप्ते अभियान नै सुरु भएर ठूलो जनशक्तिको पनि प्रयोग भएको थियो । तरपनि, वाग्मती नदी ढल, फोहोर र अतिक्रमणको चपेटाबाट बच्न सकेको छैन । 'वाग्मती नदीमा पहिलाको भन्दा धेरै सफाई भएको छ, तर लक्ष्यअनुसारको काम नभएपनि हामी सफाईका लागि ल्याब परीक्षण गर्दै छौं । आगामी पुसभित्र बागमतीमा सफा पानी बगाउँछौं । त्यसका लागि १२ अर्ब लागतमा ड्याम पनि निर्माण हुँदै छ' बाग्मती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष उद्धव तिमल्सिनाले भने । उनले उपत्यकाकै सभ्यता र चिनारीसमेत जोडिएको वाग्मतीलाई सफा बनाएरै छाड्ने दाबी समेत गरेका छन् ।

नदी संरक्षणका लागि नै सरकारले २०५१ देखि समिति गठन गरेर काम सुरु गरेको थियो । जसमा विश्वबैंकले पनि हालसम्म ६५ करोड रुपैयाँ बढी खर्च गरिसकेको छ । समितिलाई ढल व्यवस्थापन, करिडोर सडक निर्माण, नदी आसपास पर्खाल लगाउने र हरियाली कायम गर्ने जिम्मा दिइएको छ । केही स्थानमा करिडोर सडक निर्माण, रूखबिरुवा रोप्ने काम गरेपनि उपलब्धि भने सन्तोषजनक नदेखिएको स्थानीयवासिन्दाले गुनासो गर्दै आएका छन् । 'नदीमा अत्यधिक ढल मिसिँदा आसपासमा दुर्गन्ध फैलिएको छ, वर्षौदेखिको सफाइ अभियान कहाँ गयो खै ? वाग्मती करिडोरका स्थानीय विवेक महर्जनले भने । हुनपनि, सफाईको नाममा सरकारले अर्बौ रकम खर्च गरिसकेको छ । तरपनि, वाग्मती सभ्यता बचाउन सरकार चुकेपछि जनस्तरबाट पनि आलोचना हुँदै आएको छ ।

### नेपाली...

हुनुपर्ने संघको माग रहेको महासचिव भुर्तेलले बताए । संघले कुटनैतिक संयन्त्रबाट पहल गरेर अव्यवहारिक प्रावधान खारेज गरी पूर्ववतरूपमा कामदार जान पाउनुपर्नेसमेत संघको माग रहेको छ । नेपालबाट कामदार लैजाने सन्दर्भमा नेपालस्थित साउदी दूतावासको व्यवहार व्यवसायी र कामदारमैत्री नदेखिएको लामो समयदेखि वैदेशिक रोजगार व्यवसायीहरूको गुनासो छ । साउदी अरेबिया अदक्ष नेपाली कामदारको प्रमुख गन्तव्य मुलुक हो । तर उक्त मुलुकसँग कामदार आदानप्रदानसम्बन्धी द्विपक्षीय श्रम सम्झौता हुन सकिरहेको छैन । हाल ६ सय बढी वैदेशिक रोजगार व्यवसायीले उक्त मुलुकमा कामदार पठाउने गरेका छन् । संघको साउदी समस्या समाधान समितिका संयोजक वैकुण्ठ प्रसाद पौडेल 'वैभव'ले नेपाली कामदारले साउदी अरेबियाको अर्थतन्त्रमा दशकौंदेखि महत्वपूर्ण योगदान गरिरहेको भएपनि नेपालस्थित साउदी दूतावास वैदेशिक रोजगार व्यवसायी र कामदारमैत्री हुन नसकेको टिप्पणी गरे ।

कामदारको योग्यता तोक्ने काम रोजगारी दिने कम्पनीको विषय भएको भन्दै संयोजक पौडेलले शैक्षिक प्रमाणपत्र माग गर्ने दूतावासको नीति, आर्थिक र व्यवहारिक दृष्टिकोणले समेत अनुचित र झन्झटिलो रहेको दाबी गरे । उनले भने, 'नेपालको कन्सुलर सेवा विभागले प्रतिप्रमाणपत्र प्रमाणित गरेको पाँच सय रुपैयाँ लिन्छ, प्रमाणपत्र जारी गर्ने उच्च मावि शिक्षा परिषद्सहित कागजात प्रशोधनका नाममा दूतावासले पनि शुल्क लिने भएपछि शून्य लागतमा जानुपर्ने कामदारको टाउकोमा लागत भार थपिने छ ।'

### विभागद्वारा...

मारेको जानकारी दिए । विभागले उक्त एजुकेसन कन्सल्ट्यान्सीबाट ल्यापटप, स्क्यानिङ पासपोर्ट करिब २० थान, डिमाण्ड लेटरसहितका कागजात जफत गरेको छ । विभागले उक्त संस्थामाथि अनुसन्धान जारी रहेको बताएको छ ।

शैक्षिक परामर्शदाताको मात्रै अनुमति लिएका कन्सल्टयान्सीहरुले बेरोजगार युवायुवतीलाई युरोप, अमेरिका, क्यानडालगायतका देशमा वर्कपर्मिट भिसामा पठाउने नाममा ठगी गर्ने र विदेशमा अलपत्र पार्ने तथा पासपोर्ट लिएर कतिपयबाट करोडौं रकम उठाएर अलपत्र पारेको भन्दै वैदेशिक रोजगार व्यवसायीले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयदेखि गृह मन्त्रालयसम्मको ध्यानाकर्षण गराउँदै आएका छन् ।

विभागका महानिर्देशक मदन दाहालले पछिल्ला दिनहरूमा सामाजिक सञ्जालबाट झुटो प्रलोभनका अनधिकृत विज्ञापन गरी रोजगार आकांक्षी युवायुवतीलाई स्वदेशमा नै ठग्ने तथा विदेशमा पुऱ्याएर अलपत्र पार्ने क्रममा अनपेक्षित वृद्धि देखिएको भन्दै त्यस सम्बन्धमा छानबिन भइरहेको बताएका छन् । उनले आफ्नो मोबाइलमा अनधिकृत विज्ञापनका सयभन्दा बढी कटिङ रहेको सार्वजनिक रूपमै बताइसकेका छन् ।

उनले गृह मन्त्रालयसँगको सहकार्यमा अनधिकृतरूपमा वैदेशिक रोजगारको काम गर्नेहरुलाई कारबाही गर्ने योजना बनिरहेको बताएका छन् । सोही सन्दर्भमा विभागले बिहीबार कलंकीमा शैक्षिक कन्सल्ट्यान्सीमा छापा मारेको हो ।

## देवाही गोनाहीका मेयरद्वारा सडक ढलानको शिलान्यास

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ जेठ

रौतहटको देवाही गोनाहीका नगर प्रमुख प्रेमलाल साहले धरहरीमा सडक ढलान कार्यको शिलान्यास गरेका छन् । देवाही गोनाही नगरपालिकाको वडा नं.९ मा नगर प्रमुख साहले सडक ढलान कार्यको बुधबार शिलान्यास गरेका हुन् । उक्त सडक मधेश प्रदेश सरकारको २५ लाखको लागतमा ढलान हुन लागेको हो ।

वडा नम्बर ९ धरहरीका वडा अध्यक्ष वीरबहादुर साहको अध्यक्षतामा नगर प्रमुख साहले शिलान्यास गरेको धरहरीदेखि दिपही जाने करिब २ सय १० मिटर सडकको ढलान कार्य हुने नगर प्रमुख साहले मध्यान्हलाई बताए ।

नगर प्रमुख साहले यो सडकखण्डले गाउँ र विद्यालयलाई जोड्ने काम गर्ने बताए । यस सडकबाट प्रत्यक्षरुपमा विद्यार्थी र किसान दुवैलाई फाइदा हुने उनले बताए । साथै नगर प्रमुख साहले छिट्टै गाउँका अन्य सडकहरु पनि ढलान हुने बताए ।


**MALAYSIA मा रोजगार** | कम्पनी: FIGHT TECH MANUFACTURING SDN BHD
शहर: Kuala Lumpur

पूर्व स्वीकृत मिति: २०८०/०२/२५ | चलानी नं.: ६०२०२८२८ | LT. No.: 287284

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 23 | 0 | स. काममा दक्ष | 1500 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८० असार १ गते (16 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ahr Alliance Human Resources Pvt Ltd
Govt. Licence: 690/063/064
**Alliance Human Resources Pvt. Ltd.**
P.O.Box : 13612, Sinamangal-9, Kathmandu, Nepal | Tel: 01-4578850, 4591791, 4562344
Fax: 01-4462344, Email:- cv@alliancenepal.com | www.alliancenepal.com



**युएईमा रोजगार** | कम्पनी : CCC EMAAR DECORATION
शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०२/२५ | चलानी नं.: ६०२०२८७५ | L.T. No.: 287414

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gypsum Helper | 50 | 0 | स. काममा दक्ष | 800 | २८,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १ देखि ६ गते (16 to 21 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


ROYAL
श्रम इजाजत पत्र नं.: १०२३/०६८/०६९
**रोयल गण्डकी म्यानपावर प्रा. लि.**
सामाखुसी-३, काठमाडौं, फोन: ४३८७८७१



**कतारमा रोजगार** | कम्पनी : CANADIAN TRADING & CONSTRUCTION CO.
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०८०/०२/२३ | चलानी नं.: ६०२०२८७२ | L.T. No.: 287311

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 2 | 0 | स. काममा दक्ष | 1,200 | ४३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 2,200 | ७९,५३० | | | | | | | |
| 3. | General Clean Worker | 0 | 2 | | 1000 | ३६,१५० | | | | | | | |
| 4. | Labour | 8 | 1 | | 1,000 | ३६,१५० | | | | | | | |
| 5. | Labor Services | 0 | 2 | | 1,000 | ३६,१५० | | | | | | | |
| 6. | Mason | 3 | 0 | | 1,200 | ४३,३८० | | | | | | | |
| 7. | Painter | 5 | 0 | | 1,200 | ४३,३८० | | | | | | | |
| 8. | Plaster Worker | 7 | 0 | | 1,200 | ४३,३८० | | | | | | | |
| 9. | Receptionist | 0 | 1 | | 1,200 | ४३,३८० | | | | | | | |
| 10. | Secretary | 0 | 1 | | 2,100 | ७५,९१५ | | | | | | | |
| 11. | Tile Maker | 8 | 0 | | 1,200 | ४३,३८० | | | | | | | |

अन्तर्वार्ता इटहरी, सुनसरीमा २०८० असार १ गते (16 June 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २ र ३ गते (17 & 18 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**Fusion International Pvt Ltd**
Panchakumari Marga, New Baneshwor, Kathmandu, Nepal
Tel 014465326/ 9844473509 | Email: info@fusionintlpvt.com
itahari, 9808270049 / 9810436524, Website:www.fusionintlpvt.com
Gov Lisence No: 283/058/059



**साउदीमा रोजगार** | कम्पनी: BUILDING DESTINATIONS FOR GEN. CONT. EST
शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०८०/०२/२५ | चलानी नं.: ६०२०२८७४ | L.T. No.:287536

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 99 | 0 | स. काममा दक्ष | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १ र ४ गते (16 & 19 June 2023) मा हुनेछ ।
अन्तर्वार्ता क्यापिटल ट्रेनिङ सेन्टर, इटहरीमा २०८० असार २ गते (17 June 2023) मा हुनेछ ।
अन्तर्वार्ता जानकी ट्रेनिङ सेन्टर, जनकपुरमा २०८० असार ३ गते (18 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | रु १०,०००/- रोजगारदाताले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**S. P. M. OVERSEAS PVT. LTD.**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Mob.: 9810003423 | 9842151398, Janakpur : 9801303131 | 9817876057
Itahari:9808760617 | 9819365630 | 9811046421
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com
Gov. Lic No. 817/066/067


## इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**इटहरी, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

### इटहरी उपमहानगरपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का आव्हानको सूचना

**प्रथम/दोश्रो पटक प्रकाशित मिति: २०८०/०२/२६ गते**

इटहरी उपमहानगरपालिकाद्वारा आ.व. २०८०/८१ का लागि आर्थिक ऐन २०७९ को दफा २०, प्रचलित कानुन तथा इटहरी उपमहानगरपालिकाको राजस्व परामर्श समितिको निर्णयानुसार आन्तरिक आय ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले देहायका शर्त बन्देजको अधीनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र खरिद तथा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम् वार्षिक ठेक्का अङ्क रु. (मु.अ.क. सहित) | धरौटी | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ITR/NCB/16R/ 2079/080 (राजस्व) | साप्ताहिक शनिबारे हाटकर वडा नं. ११, १२ खनार | एक वर्ष | २७,२२,५००.०० | कबोल अङ्कको ५% | रु.३०००। | दोश्रो पटक |
| २. | ITR/NCB/18R/ 2079/80 (राजस्व) | सवारी पार्किङ तथा पुर्वाधार उपयोग शुल्क | एक वर्ष | ४५,२०,०००.०० | कबोल अङ्कको ५% | रु.३०००। | प्रथम पटक |

**शर्तहरुः**

- ❖ फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आ.ब. २०७८/०७९ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, स्थानीय तहमा भएको व्यवसाय दर्ता प्रमाणपत्र, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड इटहरीको राजस्व खाता नं ०५९०३०००००१००१००००१ मा नगद जम्मा गरेको भौचर पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।
- ❖ बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ । आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३००००३००००००००१ मा जम्मा गरी सोको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ ।
- ❖ यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
- ❖ विस्तृत जानकारीको लागि कार्यालयको वेभसाइट www.itaharimun.gov.np मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# पुथा उत्तरगंगामा बालबालिकासँग सवालजवाफ

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २५ जेठ

रूकुम पूर्वमा पुथा उत्तरगंगा गाउँपालिकामा पहिलो पटक बालबालिकासँग सवालजवाफ कार्यक्रम सम्पन्न भएको छ । बालबालिकाले प्रश्न सोध्ने र सरोकारवालाहरूले जवाफ दिने गरी सवालजवाफ कार्यक्रम आयोजना गरिएको हो ।

गाउँपालिकाको आयोजनामा गाउँपालिकाभित्रका माध्यमिक र आधारभूत विद्यालयका विद्यार्थीहरूको सहभागितामा सवालजवाफ कार्यक्रम सम्पन्न भएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत समीर गिरीले बताए ।

बालबालिकाले विद्यालयमा छात्रा शौचालय हुनुपर्ने, बालक्लब सञ्चालनका लागि खर्च व्यवस्थापन गरिनुपर्ने, पालिकाको नीति तथा कार्यक्रममा बालबालिकामैत्री कार्यक्रम ल्याइनुपर्ने, अतिरिक्त क्रियाकलाप बढाउनुपर्नेलगायतका विषयमा प्रश्न राखेका थिए । बालबालिकाका प्रश्नहरूको जवाफ दिँदै शिक्षा शाखा प्रमुख रामप्रसाद खड्काले बजेट अभावका कारण चाहेजस्तो काम गर्न नसकिएको भन्दै आगामी दिनमा सुधार गरिने बताए । गाउँपालिका अध्यक्ष पुनिराज घर्ति मगरले आफूहरू बालबालिकाका समस्याप्रति गम्भीर रहेको भन्दै बजेट अभावका कारण चाहेजस्तो काम गर्न नसकिएको बताए । विद्यालयमा भएका स्रोत साधनको सदुपयोग गर्न उनले आग्रह गरे ।

गाउँपालिका उपाध्यक्ष भुपेन्द्रा बुढा मगरले पालिकास्तरमा क्लब व्यवस्थापन गरेर बालबालिकाका समस्या हल गर्ने बताइन् । छात्रामैत्री शौंचालय बनाइने तथा सेनटरी प्याडको निःशुल्क पूर्तिलाई थप व्यवस्थित गर्ने उनले प्रतिबद्धता व्यक्त गरिन् । आगामी आर्थिक वर्षमा उपाध्यक्षसँग किशोरकिशोरी कार्यक्रमलाई थप व्यवस्थित बनाइने उनको भनाइ थियो । निमित्त प्रमुख प्रशासकीय अधिकृत गिरीले सबैभन्दा बढी बजेट शिक्षामा खर्च हुने गरेको भएपनि बालबालिका केन्द्रित हुन नसकेको भन्दै यसलाई सच्याएर जाने जानकारी दिए । तीन दिनसम्म चलेको बालक्लबका पदाधिकारी तथा सदस्यहरुका लागि नेतृत्व विकास कार्यक्रम समापनको दिन सवालजवाफ कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा संगठन, बाल अधिकार, नेतृत्व, उद्घोषण, निर्णय लेखनलगायतका विषयमा प्रशिक्षण दिइएको छ । कार्यक्रमको सहजीकरण गणेश सिर्पाली, इशा ओली, मुना बुढाथोकी र गणेश भण्डारीले गरेका थिए ।

## Gaushala Municipality
## Office of the Municipal Executive
**Gaushala, Mahottari**
**Madhesh Province, Nepal**

**Invitation For Sealed Quotation**

**(Date of Second publication:09 June 2023)**

The Gaushala Municipality invites sealed quotations from registered Suppliers for the following procurement.

| S N | IFB No. | Description & Location of work | Bid document fee (NRS) | Bid Security Amount (NRS) | Estimated Amount Excluding VAT (NRs) | Last date of bid submission | Bid opening Date & Time | Bid validity period in days |
|---|---|---|---|---|---|---|---|---|
| 1 | RE/GAU/SQ/ GOODS /03-2079/080 | Supply and Delivery of 62 KVA Generator for Municipal Office | 1,000.00 | 40,000.00 | 1,548,672.57 | 23 June 2023, 12:00 PM | 23 June 2023, 02:00 PM | 45 Days |
| 2 | RE/GAU/SQ/ GOODS /04-2079/080 | Supply and Delivery of 62 KVA Generator for PHC Gaushala | 1,000.00 | 40,000.00 | 1,548,672.57 | 23 June 2023, 12:00 PM | 23 June 2023, 02:00 PM | 45 Days |
| 3 | RE/GAU/SQ/ GOODS /05-2079/080 | Supply and Delivery of 62 KVA Generator for Bharatpur Khanepani Kha Upbhokta samiti | 1,000.00 | 40,000.00 | 1,548,672.57 | 23 June 2023, 12:00 PM | 23 June 2023, 02:00 PM | 45 Days |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Municipal executive, Gaushala, Mahottari.

**Chief Administrative Officer**

## Invitation of Electronic Bids

## Urlabari Municipality
## Office of Municipal Executive
**Urlabari, Morang**
**Province no. 1, Nepal**

**Date of Publication: 2080/02/26 (9th of June 2023)**

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-disable-Bldng-W-NCB-19-079/80 | " Construction of Building for disabled person, Urlabari-3, Morang " | 1,91,31,040 .00/- | 478500.00 /- | 3000.00 |

Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.


## साईप्रसमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: CLAIRE MARINA 2010 EMPLOYMENT AGENCY — शहर: Cyprus, Limassol
पूर्व स्वीकृत मितिः २०८०/०२/२५ — चलानी नं.: ६०२०२८६७ — LT. No.: 287268

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 0 | 2 | सम्बन्धित काममा दक्ष | 750 | १०५,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Domestic Worker | 0 | 8 | | 315 | ४४,४७२ | | | | | | | |
| 3. | Waiter/waitress | 8 | 2 | | 700 | ९८,८२६ | | | | | | | |

२. कम्पनी: CLAIRE MARINA 2010 EMPLOYMENT AGENCY — शहर: Cyprus, Limassol
पूर्व स्वीकृत मितिः २०८०/०२/२५ — चलानी नं.: ६०२०२८६९ — LT. No.: 287269

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 6 | 0 | सम्बन्धित काममा दक्ष | 850 | १२०,००३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 1000 | १४१,१८० | | | | | | | |
| 3. | Electrician | 2 | 0 | | 850 | १२०,००३ | | | | | | | |
| 4. | Receptionist | 0 | 7 | | 700 | ९८,८२६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १ गते (16 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

GLOBAL RISING PLACEMENT PVT. LTD.
Your Job is Our Job
Govt. Lic. No. 1616/079/080
Pingalasthan-9, Goushala, Kathmandu, Nepal
www.globalrisingplacement.com cv@globalrisingplacement.com
01- 5915317 | 5917318 9801316640 | 9801316636

## साउदी र युएईमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : SAUDI SPECIALIZE GENERAL CONTRACTING EST. — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८०/०१/०६ — चलानी नं.: ६०२००४११ — L.T. No.: 285039 — पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Wooden Frame Carpenter | 4 | 0 | स. काममा दक्ष | 1400 | ४९,१९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ORION SECURITY SERVICES LLC. — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/०९/०८ — चलानी नं.: ६०१७५६४६ — L.T. No.: 255671 — पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard - SIRA | 36 | 47 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (PSBD) | 20 | 10 | | 2000 | ७१,७६० | | | | | | | |

३. कम्पनी : CLEANCO TRADING, IMPORTING & SERVICES LLC - SOLE PROPRIETORSHIP L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०२/०१ — चलानी नं.: ६०२०१४२६ — L.T. No.: 285975 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Male) | 340 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner (Female) | 0 | 318 | | 900 | ३२,२९२ | | | | | | | |

४. कम्पनी : ADNEC SERVICES LLC — City : UAE
पूर्व स्वीकृत मितिः २०७९/०६/२६ — चलानी नं.: ६०१८९०५४ — LT. No.: 273540 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 4 | 3 | सम्बन्धित कामका दक्ष | 1500 | ५३,८२० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Catering Camp Boss | 5 | 2 | | 1500 | ५३,८२० | | | | | | | |
| 3. | Assistant Cook | 40 | 2 | | 1100 | ३९,४६८ | | | | | | | |
| 4. | Asst. Chef Steward | 5 | 0 | | 1500 | ५३,८२० | | | | | | | |
| 5. | Asst. Storekeeper | 5 | 0 | | 1500 | ५३,८२० | | | | | | | |
| 6. | Baker | 5 | 0 | | 1800 | ६४,५८४ | | | | | | | |
| 7. | Butcher | 5 | 0 | | 2000 | ७१,७६० | | | | | | | |
| 8. | Cashier | 10 | 5 | | 1500 | ५३,८२० | | | | | | | |
| 9. | Catering Supervisor | 5 | 3 | | 2500 | ८९,७०० | | | | | | | |
| 10. | Chief Steward | 5 | 0 | | 2500 | ८९,७०० | | | | | | | |
| 11. | Cleaning Supervisor | 5 | 0 | | 2500 | ८९,७०० | | | | | | | |
| 12. | Cleaning Worker | 2 | 13 | | 900 | ३२,२९२ | | | | | | | |
| 13. | Cook | 47 | 0 | | 2200 | ७८,९३६ | | | | | | | |
| 14. | Kitchen Cleaner | 73 | 10 | | 900 | ३२,२९२ | | | | | | | |
| 15. | Kitchen Technician | 5 | 0 | | 2500 | ८९,७०० | | | | | | | |
| 16. | Laundry Labour | 5 | 0 | | 1000 | ३५,८८० | | | | | | | |
| 17. | Logistic Assistant | 10 | 0 | | 1092 | ३९,१८१ | | | | | | | |
| 18. | Office Boy | 5 | 0 | | 1100 | ३९,४६८ | | | | | | | |
| 19. | Office Girl | 0 | 5 | | 1100 | ३९,४६८ | | | | | | | |
| 20. | Pastry Cook | 5 | 0 | | 2000 | ७१,७६० | | | | | | | |
| 21. | Receptionist | 0 | 5 | | 1800 | ६४,५८४ | | | | | | | |
| 22. | Salad Maker | 5 | 0 | | 1800 | ६४,५८४ | | | | | | | |
| 23. | Sandwich Maker | 5 | 0 | | 1800 | ६४,५८४ | | | | | | | |
| 24. | Store Assistant | 15 | 0 | | 1092 | ३९,१८१ | | | | | | | |
| 25. | Storekeeper | 10 | 0 | | 2000 | ७१,७६० | | | | | | | |
| 26. | Waiter | 79 | 0 | | 1200 | ४३,०५६ | | | | | | | |
| 27. | Waitress | 0 | 28 | | 1200 | ४३,०५६ | | | | | | | |

५. कम्पनी : National Corporation For Tourism & Hotels — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/०६/२६ — चलानी नं.: ६०१८९०९२ — L.T. No.:273539 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Cook | 30 | 0 | स. काममा दक्ष | 900 | ३२,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1200 | ४३,०५६ | | | | | | | |
| 3. | Chamberman/chambermaid | 30 | 0 | | 900 | ३२,२९२ | | | | | | | |
| 4. | Cleaning Supervisor | 5 | 5 | | 1800 | ६४,५८४ | | | | | | | |
| 5. | Cleaning Worker | 16 | 65 | | 900 | ३२,२९२ | | | | | | | |
| 6. | Foreign Food Cook | 10 | 0 | | 1500 | ५३,८२० | | | | | | | |
| 7. | Kitchen Technician | 5 | 0 | | 2000 | ७१,७६० | | | | | | | |
| 8. | Laundry Labour | 20 | 0 | | 1000 | ३५,८८० | | | | | | | |
| 9. | Office Boy | 30 | 0 | | 1000 | ३५,८८० | | | | | | | |
| 10. | Office Girl | 0 | 30 | | 1000 | ३५,८८० | | | | | | | |
| 11. | Pastries Maker | 5 | 0 | | 1500 | ५३,८२० | | | | | | | |
| 12. | Sandwich Maker | 10 | 0 | | 1400 | ५०,२३२ | | | | | | | |
| 13. | Storekeeper | 10 | 0 | | 1800 | ६४,५८४ | | | | | | | |
| 14. | Waiter | 50 | 0 | | 1200 | ४३,०५६ | | | | | | | |
| 15. | Waitress | 0 | 64 | | 1200 | ४३,०५६ | | | | | | | |

६. कम्पनी : MAISALOON STAR FACILITIES MANAGEMENT LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/११/०२ — चलानी नं.: ६०१९६६६९ — L.T. No.: 281033 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaner | 31 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Female Cleaner | 0 | 27 | | 1000 | ३५,८८० | | | | | | | |
| 3. | Kitchen Stewards | 49 | 0 | | 900 | ३२,२९२ | | | | | | | |

७. कम्पनी : EMIRATES FACILITIES MANAGEMENT LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/०६/२५ — चलानी नं.: ६०१७२१७९ — L.T. No.: 248321 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 85 | 45 | सम्बन्धित काममा दक्ष | 900 | ३२,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Messenger | 99 | 48 | | 1200 | ४३,०५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० असार १ गते (16 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

## मलेसियामा रोजगार | कम्पनी : NOVA ACE INDUSTRIES (M) SDN BHD — शहरः JALAN

पूर्व स्वीकृत मितिः२०८०/०२/२५ — चलानी नं.:६०२०२८२७ — LT. No.:287468

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker ( Manufacturing Sec) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १ गते (16 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

निम्बस ह्युमन रिसोर्स प्रा. लि.
श्रम इजाजत नं.: ७५४/०६४/०६५
जि.पि.ओ. ब.नं. २६३१७, सामाखुसी-२६, काठमाण्डौ, नेपाल, फ्याक्स : ४३५७१९५
फोन: ४३८०४९९, ४३८०५०४,
Email : info@nimbushr.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२६ जेठ २०८०, शुक्रबार
9 June 2023, Friday

## सम्पादकीय

### निर्विकल्प संवाद

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले कोशी प्रदेशमा आन्दोलनरत शक्तिहरूलाई गम्भीर आरोप लगाएका छन् । केन्द्रीय कार्यालय च्यासलमा आयोजित एक कार्यक्रममा ओलीले आन्दोलनकारीलाई 'गुण्डा'को आरोप लगाए । आफ्ना नेताहरूलाई मार्ने उद्देश्यले आक्रमण गरेको पनि ओलीले बताए । आन्दोलनकारीले इलाममा एमाले प्रदेश संसदीय दलका उपनेता राम राना र उदयपुरमा उपसभामुख सिर्जना दनुवारमाथि आक्रमण गरेका थिए । त्यो आक्रमणको भर्त्सना गर्दै ओलीले आन्दोलनकारीलाई गम्भीर आरोप लगाए । ओली यतिमै रोकिएनन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै संरक्षणमा आन्दोलन भइरहेको बताएका ओलीले गृहमन्त्री नारायणकाजी श्रेष्ठले आक्रमणकारीलाई जोगाएको बताए । आक्रमणको जवाफमा ओलीले 'दनक' दिनेगरी उत्रने चेतावनी समेत दिए । यसअघि पनि अध्यक्ष ओलीले चर्को अभिव्यक्ति दिएका थिए ।

केही समय अगाडि इलाम पुगेका ओलीमाथि आक्रमणको प्रयास भएको थियो । त्यसविरूद्ध काठमाडौंमा कार्यकर्ता उतारेका ओलीले आफूलाई राजावादीले आक्रमण गरेको बताएका थिए । एमाले सांसदहरूले संघीय संसदमै यो कुरा उठाएका थिए । तर आक्रमणकारीलाई कार्बाही नगरिएको निष्कर्ष सुनाउँदै अध्यक्ष ओलीले प्रतिकारमा उत्रने चेतावनी दिएका छन् । यसले कोशी प्रदेशको परिस्थिति हिंसात्मक बन्ने भय बढेको छ । किनकि प्रदेशको नामाकरणविरूद्ध जातीय संस्थाहरूले लगातार आन्दोलन गरिरहेका छन् । आन्दोलनकै क्रममा एक जनाको मृत्यु भइसकेको छ । उनीहरूलाई नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) ले समेत साथ दिएका छन् । कोशी प्रदेशको पक्षमा मतदान गर्ने कांग्रेस र माओवादीका स्थानीय नेताहरू निर्णयबाट पछि हटेर आन्दोलनमै छन् ।

तर कोशी प्रदेश नाम राख्न अरू दलको पनि सहमति भएपनि आफ्नो पार्टीलाई निशानामा राखिएको भन्दै ओलीले प्रतिकारको चेतावनी दिएका छन् । यसको अर्थ कोशीमा एमालेविरूद्ध बाँकी शक्ति जस्तो देखिन पुगेको छ । कोशीमा एमाले सबैभन्दा ठूलो शक्ति हो । ९३ सदस्यीय प्रदेशसभामा एमालेसँग ४० जना प्रदेशसभा सदस्य छन् । कांग्रेससँग २९, माओवादी केन्द्रसँग १३, राप्रपासँग ६, एकीकृत समाजवादीसँग ४ र जसपासँग एक जना प्रदेश सदस्य छन् । यही प्रदेशसभा समीकरणका कारणले एमाले सहमत नभएसम्म प्रदेश नामाकरण संशोधनको संभावना छैन । तर एमालेले निर्णयमा पुनर्विचार गर्नेबारे संकेत देखाउनुको साटो प्रतिरोधकै चेतावनी दिएको छ । यसले लैजाने भनेको द्वन्द्वतिर हो । जबकी मुलुकलाई निकास चाहिएको छ । अतः दुवै पक्षले संयम् बनेर वार्ताको माध्यमबाट निकास खोज्न आवश्यक छ ।

# सामाजिक सुरक्षामा दिगोपनाको सवाल

अग्रलेख



● शंकर नेपाल

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले देशैभरि भैरहेको विरोध प्रदर्शनका बीच हालसालै सेवाबाट अवकासको उमेर ६२ बाट बढाएर ६४ वर्ष पुऱ्याएका छन् । निवृत्तीभरणका लागि सन् २०२२ र २०३२ का बीच वार्षिक सरदर १० अर्ब युरो न्यून हुने प्रक्षेपण रहेको सन्दर्भमा उनले यो कार्य फ्रान्सको निवृत्तीभरण प्रणालीलाई विघटन हुन नदिनका लागि गरेको भनेका छन् । सामाजिक सुरक्षा र खासगरी निवृत्तीभरण प्रणालीलाई धान्न सकिने बनाउन औद्योगिक मुलुकहरुले अवकासको उमेर बढाउने, निवृत्तीभरणको सूत्र परिवर्तन गर्ने र सुविधा कटौती गर्नेमध्ये कुनै उपाय गर्ने गर्दछन् ।

बढ्दो औसत आयु र घट्दो जन्मदरले गर्दा संसारभर कमाउने जनसंख्या अनुपात घट्दो र आश्रित जनसंख्या अनुपात बढ्दो छ । जनसंख्याको यो बदलिँदो प्रवृत्तिले गर्दा विगतमा भएका सामाजिक सुरक्षाका अभ्यासलाई धान्न संसारभर चुनौती खडा भएको छ । म्याक्रोनको कदम उनको राजनीतिक भविष्यका लागि चुनौती बन्ला वा नबन्ला तर मुलुकको अगाडि रहेको निवृत्तीभरण धान्नुपर्ने चुनौतीलाई उनले ठूलो देखेको मान्नुपर्छ । नेपालको सन्दर्भमा यो घटना किन महत्वपूर्ण छ भने हाम्रा निवृत्तीभरणलगायत तमाम सामाजिक सुरक्षाका कार्यक्रमहरु धान्न चुनौती बन्दै गएका छन् ।

नेपाल सरकारले निवृत्तीभरण, स्वास्थोपचार र ज्येष्ठ नागरिक लगायतलाई प्रदान गरिने मासिक भत्तामा आर्थिक वर्ष २०७८/७९ मा बजेट खर्चको सरदर १४.३८ प्रतिशत र कुल गार्हस्थ उत्पादनको ३.८८ प्रतिशत खर्च गरेको छ । यसमा अशक्त वृत्ति, स्वास्थ्य वीमा र विपन्न नागरिक औषधि उपचार खर्चसमेत जोड्ने हो भने कुल गार्हस्थ उत्पादनको ४.४२ प्रतिशत हुन्छ । यो आफैंमा ठूलो खर्च हो । अझ यसमा कर्मचारी सञ्चय कोष, निवृत्तीभरण कोष र बीमाको रकम समावेश छैन । सामाजिक सुरक्षामा नेपाल सरकारको खर्च ठूलो भए पनि जनसंख्याको ठूलो हिस्सा अझै सामाजिक सुरक्षामा समेटिएको छैन । निजी क्षेत्रमा श्रम कानून पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । चार वर्षअघि दिगो सामाजिक सुरक्षाको व्यवस्थापनमा सहयोगी हुनसक्ने योगदानमा आधारित सामाजिक सुरक्षा कार्यान्वयनमा आयो । यसका लागि गठित सामाजिक सुरक्षा कोषमा हालसम्म २० हजारभन्दा कम रोजगारदाता र साढे तीन लाख जति योगदानकर्ता मात्र आबद्ध छन् । कर्मचारी सञ्चय कोषमा पाँच लाख पचपन्न हजारभन्दा केही बढि सञ्चयकर्ता रहेका छन् । स्वीकृति प्राप्त अवकास कोषमा आबद्ध हुनेको संख्या यकिन छैन ।

नेपालमा क्रियाशिल श्रमशक्तिको ६२.२० प्रतिशतलाई रोजगारी दिने अनौपचारिक क्षेत्र, स्वरोजगार र वैदेशिक रोजगारमा गएकाहरुको ठूलो हिस्सा सामाजिक सुरक्षाका संस्थागत प्रणालीभन्दा बाहिर छन् । सामाजिक सुरक्षा प्रणालीभन्दा बाहिर रहेका सबैलाई अबको पाँच वर्षमा समेट्न सकियो भने पनि आउँदो ३५ वर्षसम्म राज्यकोषबाट यसैगरी ठूलो हिस्सामा सामाजिक सुरक्षा खर्च व्यहोर्नुपर्ने हुन्छ । यो खर्च जोहो गर्न त्यति सहज भने छैन । राज्यकोषमा सामाजिक सुरक्षा खर्चको भार लगातार बढ्दो छ । आ.व. २०७१/७२ देखि पछिल्ला आठ वर्षको सामाजिक सुरक्षा खर्चको प्रवृत्ति हेर्दा ज्येष्ठ नागरिकलगायतले पाउने सामाजिक सुरक्षा भत्ता लगभग सात गुणा र वार्षिक सरदर ३४.७३ प्रतिशतले बढेको छ। यही अवधिमा निजामती, शिक्षक, सेना तथा प्रहरीको निवृत्तीभरण खर्च लगभग साढे दुई गुणा र वार्षिक सरदर १४.३० प्रतिशतले बढेको छ । स्वास्थ्य वीमा कार्यक्रमले हालसम्म ६४ लाख ५० हजारको हाराहारी अर्थात् जनसंख्याको बाईस प्रतिशत समेटेको छ । स्वास्थ्य वीमामा आ.व. २०७४/७५ देखि २०७८/७९ सम्मको वास्तविक खर्च वार्षिक सरदर ६८.२४ प्रतिशतले बढ्दै गएको छ । यो कार्यक्रम परिपक्व हुञ्जेल यसको खर्च अझै बढ्दै जाने निश्चित छ ।

सामाजिक सुरक्षामा बढ्दो खर्चलाई धान्नका लागि राजस्व वृद्धि, रोजगार सिर्जना र आफ्नो खर्च धान्न सक्ने कोषको सुदृढीकरण र सामाजिक सुरक्षा योजनाहरुको कार्यान्वयनलाई योजनाबद्धरूपमा अघि बढाउन आवश्यक हुन्छ । यी सबैलाई जनसंख्याको बनोट श्रम बजारको प्रवृत्तिमा आउने परिवर्तन,



> *सामाजिक सुरक्षालाई दिगो बनाउन पूर्ण वा आंशिक रोजगार सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समेट्दै लानु जरूरी छ । संसारभर योगदानमा आधारित कोषमा कामकाजी वर्गलाई शुरूदेखि नै समेट्दै निवृत्तभरण कोष र स्वास्थ्य बीमा प्रणालीलाई सबल बनाउने गरिएको छ । नेपालले पनि छरिएर रहेका कोषलाई एकीकृत गर्दै योगदानमा आधारित कोषलाई संस्थागत गर्न आवश्यक भइसकेको छ ।*

मुलुकको आर्थिकवृद्धि, विकासको स्तर, गरीबीको रेखामुनि रहेको जनसंख्या, व्यवसायको वातावरण र श्रम उत्पादकत्व आदिले असर पुऱ्याइरहेको हुन्छ । त्यसैले समय समयमा यस्ता तत्व समेतलाई हेरी सामाजिक सुरक्षा योजनाको दिगोपनाका लागि एक्च्युअरी विष्लेषण गर्ने र तद्अनुरूप सुधार गर्दै लाने विकसित मुलुकमा प्रचलन रहेको छ ।

नेपालको जनसंख्यामा क्रमशः परिवर्तन भैरहेछ । औसत आयु बढ्दै गएको छ । जन्मदर घट्दो छ । नेपालको जनसंख्यामा ०-१४ उमेर समूहको हिस्सा आगामी वर्षहरुमा निरन्तर घट्दै जाने र ज्येष्ठ नागरिकको अनुपातमा निरन्तर वृद्धि हुने देखिन्छ । २०७८ मा २८.८१ प्रतिशत रहेको ०-१४ उमेर समूहको हिस्सा अबको ३० वर्षमा १६.०४ प्रतिशतमा झर्ने र ४.२३ प्रतिशत रहेको ७० वर्ष माथिको जनसंख्या ८.९३ प्रतिशत पुग्ने अनुमान छ । औसत आयु र स्वास्थ्य सेवाको विकाससँगै निवृत्तीभरण उमेर बढ्दै गए पनि राज्यले ज्येष्ठ नागरिकको लागि खर्च वृद्धि गर्दै जानुपर्ने देखिन्छ । नेपालमा सामाजिक सुरक्षासँग सम्बन्धित कोषहरु र कार्यक्रमको एक्चुअरी विष्लेषण हुने गरेको देखिन्न । दिगो प्रणाली स्थापनार्थ यस्तो विश्लेषण र तद्अनुरूपको योजना आवश्यक छ ।

नेपालमा जनसंख्याको मात्र नभएर रोजगारीको प्रवृत्ति पनि बदलिँदो छ । परम्परागतरूपमा भनिदै आएको कृषिप्रधान देशको परिचय रोजगारको बदलिँदो प्रवृत्तिका कारण बदलिँदै जाने संकेत देखिँदैछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको एक अध्ययनअनुसार आगामी २५ वर्षसम्म कृषि क्षेत्रको रोजगार वार्षिक सरदर १.५८ प्रतिशतले घट्ने र उद्योग तथा सेवा क्षेत्रमा क्रमशः वार्षिक सरदर ३.५१ प्रतिशत तथा ४.१५ प्रतिशतले बढ्ने देखाएको छ । यस हिसाबले अबको एक दशकभित्रै सेवा क्षेत्रले र २५ वर्षमा उद्योग क्षेत्रले कृषि क्षेत्रको रोजगारीलाई उछिन्ने देखिन्छ । सामाजिक सुरक्षाको दृष्टिमा जनसंख्या बनोटको बदलिँदो प्रवृत्तिले दिगो सामाजिक सुरक्षा प्रणालीको माग गर्दछ भने रोजगारको बदलिँदो प्रवृत्तिले औपचारिक क्षेत्रको विस्तार गर्दै योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको दायरा विस्तारका लागि अवसर समेत प्रदान गरेको देखिन्छ ।

योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी कोषले भविष्यमा योगदानकर्तालाई योजनाअनुसारको रकम र सुविधा पुऱ्याउने जिम्मेवारी लिएको हुन्छ । स्थापित प्रणाली भएका मुलुकहरुले कोषमा जम्मा हुने रकमले भविष्यमा योगदानकर्तालाई यसले प्रदान गर्ने सामाजिक सुरक्षा योजनाअनुसारको रकम तथा सेवा उपलब्ध गराउन सक्छ वा सक्दैन भनी निश्चित अवधिको अन्तरालमा एक्चुअरी विष्लेषण गर्ने गर्दछन् र सामाजिक सुरक्षासम्बन्धी कोषलाई बलियो बनाउँदै लाने गर्छन् । फ्रान्समा निवृत्तभरण कोष अन्य विकसित मुलुकको दाँजोमा कम अर्थात् कुल गार्हस्थ उत्पादनको १२.१० प्रतिशत रहेको छ । यस्तो कोष अमेरिकामा कुल गार्हस्थ उत्पादनको १७४.१० प्रतिशत, डेनमार्क २३३.२० प्रतिशत, आइसल्याण्ड २१८.६० प्रतिशत, निदरल्याण्ड्स २१३.३० प्रतिशत र स्वीट्जरल्याण्डमा १७०.९० प्रतिशत रहेको छ । यसबाट पनि सामाजिक सुरक्षाको दिगोपनाका लागि राज्यकोष भन्दा पनि योगदानमा आधारित सामाजिक सुरक्षा कोष भरपर्दो देखिन्छ ।

विकसित मुलुकका निवृत्तीभरण कोष योगदानमा आधारित सामाजिक सुरक्षा कोष हो । त्यहाँ राज्यकोषबाट व्यहोर्ने सामाजिक सुरक्षाका अन्य पनि कार्यक्रम छन् तर योगदानमा आधारित कोषको हिस्सा ज्यादै ठूलो छ । नेपालमा भने योगदानमा आधारित सामाजिक सुरक्षाको हिस्सा ज्यादै सानो भएकाले विभिन्न मन्त्रालयअन्तर्गत सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमको विषयलाई दिगो सामाजिक सुरक्षाको सन्दर्भमा हेर्नुपर्ने हुन्छ । यी कार्यक्रमहरुका लागि राज्यकोषमा प्रत्येक वर्ष भार थपिँदो छ । यी कार्यक्रमहरुमा रहेका दोहोरोपना हटाएर खर्च कटौतीको सम्भावना पनि रहन्छ । कार्यक्रम छरिएर रहे पनि राम्रो पक्ष के छ भने सबै कार्यक्रमको डिजिटल सूचना प्रणाली र अभिलेख छ । यी सूचना प्रणालीहरुलाई एक आपसमा आबद्ध गरी एकीकृत सूचना प्रणाली स्थापना गर्दा लाभग्राहीले व्यक्तिगत रूपमा वा परिवारमा न्यूनतम् र अधिकतम के कति सुविधा प्राप्त गरेको भन्ने यथार्थ सूचना प्राप्त गर्न सकिन्छ र आगामी दिनमा एकीकृत सामाजिक सुरक्षा योजना बनाउन र योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको विस्तारमा सहयोगी सिद्ध हुन सक्छ । यसका लागि पारिवारिक लगतमा आधारित एकीकृत सामाजिक सूचना प्रणाली विकास गर्नुपर्ने हुनसक्छ ।

सामाजिक सुरक्षालाई दिगो बनाउन पूर्ण वा आंशिक रोजगार सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समेटदै लानु जरुरी छ । संसारभर योगदानमा आधारित कोषमा कामकाजी वर्गलाई शुरुदेखि नै समेट्दै निवृत्तभरण कोष र स्वास्थ्य बीमा प्रणालीलाई सबल बनाउने गरिएको छ । नेपालले पनि छरिएर रहेका कोषलाई एकीकृत गर्दै योगदानमा आधारित कोषलाई संस्थागत गर्न आवश्यक भैसकेको छ । स्वास्थ्य बीमासम्बन्धी कार्यलाई यस्तो कोषले स्वास्थ्य बीमा बोर्डमार्फत् सञ्चालन गर्दा स्वास्थ्य बीमाको कार्य संस्थागत हुनुका साथै दोहोरोपना पनि हट्न सक्छ । यो अवधारणाको सबल कार्यान्वयनबाट आगामी तीन/चार दशकमा राज्यकोषबाट सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने लाभग्राहीको संख्या अहिले जसरी बढ्नुको साटो घट्दै जाने हुन्छ र सामाजिक सुरक्षाको दिगोपनाको आशा गर्न सकिन्छ ।

*(लेखक सूचना तथा प्रशारण विभागका महानिर्देशक हुन् ।)*

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

नेपालको रूपान्तरणको अभियानमा दलहरूको सान्दर्भिकता तिव्र गतिमा घट्दो छ । बचेखुचेको सान्दर्भिकता/वैद्यता जोगाउन र दललाई पुनर्जीवन दिन अझै सम्भव हुनसक्छ । यसका लागि दलको नेतृत्व तेस्रो पुस्ताका युवा नेतामा सर्न अनिवार्य छ ।



**- रूद्र पाण्डे**

नागरिकता विधेयकले नेपालमा जन्मेका हजारौं तराईबासी युवालाई नागरिकता प्रदान गर्छ । नागरिकता नभएर ती युवाले न विश्वविद्यालय जान पाएका छन्, न जागीर खान पाएका छन् र न विदेश जान पाएका छन् । यसरी तराईलाई देखाएर नागरिकता विधेयकको विरोध गर्ने नेताले देशमा सद्भावना र देश प्रेम कसरी जगाउन सक्छन् ?



**- कृष्ण घिमिरे**

रास्वपालाई एमालेको 'सेटलाइट' पार्टी भनेको, संसदमा पनि यस्तै देखियो । पार्टी संगठित हुने निश्चित सिद्धान्त, मार्गदर्शन र नीतिले हो । स्वपाले यी विषयको परिभाषा गर्नुपऱ्यो । बुढा दलको जस्तो चरित्र प्रदर्शन गरे केको नविनता ? समस्याको पहिचान र समाधानका उपायमा बहस नगरे, फरक देखिएन ।



**- विनोद न्यौपाने**

तिम्रो बजेटले; कति प्रतिशत मुलुकको रोजगारी सम्बोधित गर्छ ? सेवा र सुविधा कति ? दीर्घकालीन लक्ष्य कति ? आउटपुट के-के ल्याउँछन् ? संस्थागत सुधार ल्याउने र त्यसमा जग हाल्न कति प्रतिशतले सघाउँछ ? समग्र बजेटको कन्टेन्ट यसबारे कसरी बोल्छ ? छन् केही ? देखाऊ !

## तपाईंको राशिफल

- मेष : लापरवाहीले गर्दा अशान्ति र रुकावटको योग छ ।
- वृष : व्यवसायमा सामान्य प्रगति हुनेछ । आहारमा ध्यान दिनुपर्नेछ ।
- मिथुन : सामाजिक प्रभाव बढ्नेछ । दैनिक आम्दानी राम्रो हुनेछ ।
- कर्कट : सफलता प्राप्त हुनेछ । विरोधी कमजोर हुनेछन् ।
- सिंह : बाहिरी सहयोगमा वृद्धि हुनेछ । नयाँ काम सफल हुनेछ ।
- कन्या : खर्चमाथि विशेष नियन्त्रण राख्नुहोला । यात्रा सफल हुनेछ ।
- तुला : प्रसिद्धिमा वृद्धि हुनेछ । शैक्षिक प्रगति हुनेछ ।
- वृश्चिक : विधार्थीहरुको लागि राम्रो समय छ । धार्मिक कार्यमा खर्च हुनेछ ।
- धनु : जनसम्पर्कमा वृद्धि हुनेछ । पराक्रममा वृद्धि हुने योग छ ।
- मकर : सबै कार्यहरुमा सावधानी राख्नुपर्छ । प्रसन्नतामा वृद्धि हुनेछ ।
- कुम्भ : अनावश्यक कामना गर्नु हुँदैन । विवादको योग छ ।
- मीन : स्वास्थ्य राम्रो रहनेछ । पारिवारिक सहयोगमा वृद्धि हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नागरिकता विधेयकमाथिको अन्योलता

विचार



● नारायण गाउँले

बिहे गर्नेबित्तिकै नागरिकता पाउने व्यवस्था भर्खर प्रमाणित भएको विधेयकले गरेको हो भन्ने धेरैलाई लागेको र लगाइएको रहेछ । अरू त अरू राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई पनि यस्तै लागेको रहेछ । यो विधेयकले सिन्दूरसँग नागरिकता साट्ने काम गरेको भन्ने लागेपछि विरोध गर्नु स्वभाविक भयो । तर, त्यस्तो कानुनका लागि विधेयक ल्याउनु जरूरी छैन । त्यो दशकौंदेखि छँदै छ । बरु त्यो बदल्नका लागि अर्को विधेयक ल्याउन सकिन्छ । केही मधेशी दलबाहेक अन्य सबै दल त्यो कानुन बदल्न राजी नै देखिन्छन् । त्यस्तो विधेयक आयो भने सजिलै पास हुन्छ ।

कसले बनायो त त्यस्तो कानुन भन्ने लागेको होला । नेपालमा नागरिकतासम्बन्धी कानुन बनेदेखि नै यस्तो व्यवस्था रहेछ । २०६३ सालमा संसदबाट आएको नागरिकता ऐनले छलफल र सहमतिमा यसलाई निरन्तरता दिएको रहेछ । आजको नागरिकता कानुन त्यही हो । हामीले वंशजको नागरिकता पाउने कानुन पनि त्यही हो । त्यो कानुन बनाउँदा रास्वपाबाहेक अहिलेका मुख्यजसो सबै नेता संसदमा थिए । केपी ओलीदेखि निवर्तमान राष्ट्रपति विद्या भण्डारी, शेरबहादुर देउवादेखि प्रचण्डसम्मले मिलेर बनाएको ऐनमा यो व्यवस्था छ ।

आफै बनाएको कानुन राष्ट्रघाती भए त्यसको जिम्मा लिनपर्ने या नपर्ने के होला ?

त्यसैले बिहे गर्नेले नागरिकता नपाएर विधेयक ल्याउनुपरेको होइन, तिनले पाइरहेका छन् । नपाएको भनेको आमाबुबाको जन्मसिद्ध नेपाली नागरिकता भएको र यहीँ जन्मेहुर्केका बालबच्चाहरूले हो । आमा नेपाली नागरिक रहेको र यहीँ जन्मेहुर्केको तर, बाबुको पहिचान खुल्न नसकेको या खुलाउन नचाहेकोहरूले हो । अनाथालय या बालगृहहरूमा हुर्के बढेका बालबच्चाहरूले हो र गैरआवासीय नेपालीहरूले राजनैतिक अधिकारबिनाको परिचयपत्रजस्तो नागरिकता हो । यी सबै नागरिकता संविधानले नै ग्यारेन्टी गरेकाले दिनु या नदिने भए दुई तिहाईले संविधान बदल्नु जरूरी हुन्छ ।

२०६३ सालको संविधानले विभिन्न कारणले वंशजको नागरिकता लिन नसकेका तर, यहीँ जन्मेर निरन्तर नेपालमा बस्दै आएकाहरूलाई गाउँपालिका या सम्बन्धित निकायको सिफारिससहित एकपल्टका लागि जन्मसिद्ध नागरिकताको व्यवस्था गरेको थियो । अहिले त्यस्तो व्यवस्था छैन । त्यतिबेला नेपालमा जन्मेका र बस्दै आएका केही गैरनेपालीले समेत नागरिकता लिएको आशंका गरिएको थियो । त्यस्ता केही नागरिकता छानबिन भएर खारिज भएका उदाहरण पनि छन् । तर, मुख्यतः आमाबुबाले कहिल्यै नागरिकता नबनाएका तर पुस्तौंदेखि यही भूमिमा रहेका, भूमिहीन भएकाले लालपूर्जा र तिरो तिरेको रसीद नभएका, दलित, पिछडिएको वर्ग, चेपाङ्ग, राउटे जस्ता यसअघि नागरिकताको मूलधारमा नसमेटिएकाहरू लाई त्यसबाट राहत मिलेको थियो । कति धेरै दलित, मधेशी र जनजातिले वंशजको नागरिकता पाउनुपर्ने भएपनि अनेक थरी प्रमाण र सिफारिस जुटाउन नसकेर जन्मसिद्ध नागरिकता लिएको उदाहरण पनि छ ।

कमैया बसेका कति धेरै थारूहरूले कहिल्यै नागरिकता बनाएनन्, बनाउन पाएनन् । नागरिकता भन्ने कुनै कुरा हुन्छ भन्ने पनि तिनलाई थाहा भएन । तिनका

> *जो यहीँ जन्मिएको हो, जसका आमाबुबा नेपाली हुन् र जससँग नेपाल बाहेक अन्यत्र जाने ठाउँ छैन, त्यस्तो नागरिकलाई अनेक थरी गलत व्याख्या गरी नागरिकता रोक्नु अपराध हो । बैंक खातासम्म खोल्न नपाउँदा, बिहे भएर बिहे दर्ता गर्न नपाउँदा, महिलाले सम्पत्तिमाथि कुनै हक नपाउँदा पनि हाम्रो राष्ट्रियता दुख्दैन भने त्यो नक्कली हो ।*

सन्तानले बावुको नागरिकता देखाएर वंशजको नागरिकता लिन पाएनन् । न लालपूर्जा, न स्थायी ठेगाना, न बाबुको नागरिकता, न पहुँच यस्तै दशकौंसम्म शोषित पीडित बादी समुदायका कति धेरै युवायुवतीले नागरिकता लिन आँसु पिएर संघर्ष गर्नुपऱ्यो । तिनले बुबा को हो भन्ने नै चिनाउन सकेनन् । नेपालका अनाथालयहरूमा हुर्केर निरन्तर यहीँ बसोबास र पढेका हरूलाई पनि नागरिकता लिन सजिलो कानुन छैन । कतिलाई त शिक्षकहरूले करुणावश रिस्क लिएरै पनि आफ्नो सन्तान बनाएर नागरिकता दिलाएका छन् । देश त अलिकति तिनको पनि हो !

हालको विधेयकले बालबच्चाले वंशजको नागरिकता पाए पनि तिनको बुबाआमाले लिएको जन्मसिद्ध नागरिकतामा त्रुटि या गलत तथ्य भए सन्तानको नागरिकता समेत परिवर्तन गर्न सकिने कडा नियम राखेको छ । अङ्गीकृत नागरिकता दिने विषय नै नभएको विधेयकलाई बिहारीलाई नागरिकता दिन ल्याएको भनेर दुष्प्रचार गरिनु दुर्भाग्यपूर्ण छ । यहीँ नेपाली बाबुआमाबाट जन्मे हुर्केका र अन्यत्र कतैको नागरिकता नभएका नेपालीले संविधानमैं लेखिएको नागरिकता पाउन समेत वर्षौं कुर्नपर्नु, राजनैतिक हन्डर त थियो नै, अपमान पनि सहन पर्नु जायज होइन । विदेशबाट बिहे गरेर आउनेले सजिलै नागरिकता पाइरहने तर तिनैलाई देखाएर देशका नागरिकलाई नागरिकता दिने कानुन रोक्ने काम हुँदै आएको छ । नबुझेर विरोध गर्नु त एउटा कुरा, बुझी बुझी, बुझ पचाएर र आफ्नो सरकार या दलले ल्याउँदा समर्थन गरेर अर्को दलले ल्याउँदा त्यसमा राष्ट्रियता जोडेर विरोधकै लागि विरोध गर्नेहरु खासमा देशद्रोही हुन् ।

अघिल्लो संसदमा प्रसस्त छलफल भएर पास हुने तरखरमा रहेको विधेयक ओली सरकारले फिर्ता लिनु, दुई पल्ट संसदबाट पास भएर पुगेको विधेयक राष्ट्रपतिले प्रमाणीकरण नगर्नु गैरजिम्मेवार कार्य थियो । यो स्वार्थको तुच्छ राजनीति थियो । यो वर्षौंसम्म आफै पटक-पटक रोकेर अन्तिममा हिजो किन गरिनस्, आज भ्रमणकै मुखमा किन गरिस् भन्नु आफैमा बदनीयत हो ।

वैवाहिक अङ्गीकृत नागरिकता नेपाली नागरिकका लागि होइन । त्यस्तो नागरिकता नपाएर या ढिलो पाएर कोही पनि अनागरिक बन्दैन । तीसँग कम्तिमा आफ्नै देशको नागरिकता हुन्छ । त्यो सात होइन, सत्र वर्षपछि दिए पनि ठूलो फरक पर्दैन । कानुन भए पनि त्यस्तो नागरिकता लिनेको संख्या अहिलेसम्म न्यून भएकाले त्यो हाम्रो मूल मुद्दा नबन्नुपर्ने हो । केही वर्ष रिभ्युका लागि रोके पनि हुन्छ । भाषा-संस्कृति र इतिहासजस्ता विषयमा परीक्षा लिएर दश वर्षपछि दिए पनि हुन्छ ।

तर जो यहीँ जन्मिएको हो, जसका आमाबुबा नेपाली हुन् र जससँग नेपाल बाहेक अन्यत्र जाने ठाउँ छैन, त्यस्तो नागरिकलाई अनेक थरी गलत व्याख्या र घटिया राजनीति गरेर एक दिन पनि नागरिकता रोक्नु अपराध हो ! लाखौं नेपाली युवाले कागज नभएकैले उच्च शिक्षा पढ्न नपाउँदा, रोजगारी नपाउँदा, विदेश गएर श्रम गर्छु नि त भन्दा पनि नपाउँदा, सिमकार्ड र बैंक एकाउन्टसम्म खोल्न नपाउँदा, बिहे भएर बिहे दर्ता गर्न नपाउँदा, महिलाले सम्पत्तिमाथि कुनै हक नपाउँदा पनि हाम्रो राष्ट्रियता दुख्दैन भने त्यो नक्कली हो ।

# जबरजस्ती करणीको आरोपमा वडाध्यक्ष धामी पक्राउ




दिपक बाबु साउँद/मध्यान्ह
दार्चुला, २४ जेठ


दार्चुलामा एक महिलालाई जबरजस्ती करणी गरेको आरोपमा वडाध्यक्ष पक्राउ परेका छन्। गाउँकै महिलालाई करणी गरेको आरोपमा मालिकार्जुन गाउँपालिका-३ का वडाध्यक्ष मदनसिंह धामी पक्राउ परेका हुन्।

गत माघ २० गते महिलालाई जबरजस्ती करणी गरी फरार भएका वडाध्यक्ष धामीलाई पक्राउ गरिएको दार्चुलाका प्रहरी निरीक्षक जगत गाहा मगरले मध्यान्हलाई जानकारी दिए।

आफूलाई जबरजस्ती करणी गरेको भन्दै वडाध्यक्ष धामीविरुद्ध फागुन ५ गते पीडित महिलाले जिल्ला प्रहरी कार्यालय दार्चुलामा जाहेरी दिएकी थिइन्।

उक्त जाहेरीको आधारमा बुधबार जिल्ला सदरमुकाम खलंगाबाट वडाध्यक्ष धामीलाई पक्राउ गरिएको प्रहरी निरीक्षक मगरले बताए। पक्राउ परेका वडाध्यक्ष धामीलाई जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# सुधारिएको चुल्हो वितरणमा उपभोक्ताबाट मनपरी रकम उठाइँदै



पिन्टु यादव/मध्यान्ह
सप्तरी, २४ जेठ

सप्तरीको महादेवा गाउँपालिकामा इनभाइरनमेन्ट प्रटेक्सन सेन्टर नेपालले वितरण गरिरहेको सुधारिएको चुल्हो जडानबापत उपभोक्ताबाट मनपरी रकम उठाइएको पाइएको छ। महादेवा वडा नं ४ डाढा र वडा नं ५ भगवतपुरका उपभोक्ताहरुबाट सुधारिएको चुल्हो जडान गरेबापत बढी रकम असुल गरिएको हो।

इपिसि नेपालले १८ सय ४० जना उपभोक्तालाई वितरण गरिरहेको सुधारिएको चुल्हो जडानबापत प्रति चुल्हो दुई सय ५० रुपैयाँदेखि तीन सय रुपैयाँसम्म असुल गरिएको छ। उपभोक्ताहरुले गुनासो गरेका छन्। सो रकम लिएबापत कुनै रसिदसमेत नदिइएको उपभोक्ताहरु बताउँछन्। नेप स्टार-४ मोडेलको चुल्हो आपूर्ति गराउन लाग्ने यातायात तथा व्यवस्थापन खर्चबापत उपभोक्ताबाट सो रकम सहयोग स्वरुप लिइएको संस्थाका प्रतिनिधि सन्तोष यादवले जानकारी दिए। सो आयोजनाका सम्पर्क व्यक्ति रामप्रवेश साह रौनियारले यातायात र व्यवस्थापन खर्च बापत उपभोक्ताबाट दुई सय रुपैयाँ मात्रै लिने निर्णय भएको बताए।

सोही पालिकाको दुई वटा वडामा सुधारिएको चुल्हो जडानबापत लिइने यातायात तथा व्यवस्थापन खर्चमा भने एकरुपता पाइएको छैन। वडा नं ५ मा प्रति चुल्हो जडानबापत दुई सय ५० रुपैयाँ लिइएको छ भने वडा नं ४ मा प्रति चुल्हो जडानबापत तीन सय रुपैयाँका दरले रकम लिइएको छ।

दुई सय रुपैयाँ लिने निर्णय भएपनि भगवतपुरमा ९ सय ५० चुल्हो वितरण गरेबापत ५० रुपैयाँ बढी लिएर उपभोक्ताबाट ४७ हजार पाँच सय रुपैयाँ बढी रकम असुल गरिएको छ। यता डाढामा समेत एक सय रुपैयाँ बढी लिएर ९ सय ५० जनाबाट ९५ हजार रुपैयाँ असुल गरिएको छ।

रसिद नदिँदा त्यसरी उठाएको पैसा वैधानिक नभएको उपभोक्ताहरु बताउँछन्। सो रकम संस्थाको प्रतिनिधिको मिलेमतोमा वडा अध्यक्षको खल्तीमा गएको केही उपभोक्ताहरुको आरोप छ।

यता महादेवा ५ भगवतपुरका वडा अध्यक्ष हरेराम मण्डलले सुधारिएको चुल्हो जडानबापत प्रति चुल्हो दुई सय रुपैयाँ लिने निर्णय गाउँकार्यपालिका बोर्डले गरेको बताए। आफूहरुले मनपरी रकम नउठाएको उनले दाबी गरे।

त्यस्तै वडा नं ४ डाढाका वडाध्यक्ष मुनिलाल मण्डलले सुधारिएको चुल्हो वितरण कार्यक्रममा आफू संलग्न नरहेको बताए। सो संस्थाले सुधारिएको चुल्हो एउटाको ४५ सय रुपैयाँका दरले भारतको गुजरातबाट रक्सौल हुँदै रौतहटको चन्द्रनिगाहपुर ल्याउने गरेको आयोजनाका सम्पर्क व्यक्ति फिरोज कुमार चौधरीले जानकारी दिए। चन्द्रनिगाहपुरबाट सप्तरी ल्याउँदा यातायात खर्च उपभोक्ताबाट लिने गरेको उनको भनाइ थियो।

महादेवा गाउँपालिकामा जम्मा १८ सय ४० वटा सुधारिएको चुल्हो वितरण गरिनेछ। सोही १८ सय ४० वटा सुधारिएको चुल्हो वडा नं ४ र वडा नं ५ मा वितरण भइरहेको छ।

MEGA STOCK MARKETS LIMITED
मेगा स्टक मार्केट्स लिमिटेड

## मेगा स्टक मार्केट्स लिमिटेडको दोस्रो विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०२/१९)

यस मेगा स्टक मार्केट्स लिमिटेडको मिति २०८० ज्येष्ठ १८ गते बसेको १० औं सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको दोस्रो विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी तथा सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८० साल आषाढ ३ गते, आइतबार (तदनुसार 18th June 2023)
समय : बिहान ९:०० बजे।
स्थान : साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाण्डौं।

**छलफलका विषयहरु**

**(क) विशेष प्रस्ताव**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने।
२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

**(ख) विविध।**

सञ्चालक, अध्यक्ष

## कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८०/०१/११**
**दोस्रो पटक प्रकाशन मिति : २०८०/०२/२६**

यस संस्थाको तपसीलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागी पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागी यो ३५ दिने सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिंदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखापास दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ। साथै संस्थाको सांवा, व्याज र हर्जाना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत सम्बन्धित तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउँदछौं। सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानून-बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा जमानीलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | ऋणी : निर्मला घिमिरे<br>श्रीमान् : अचुत घिमिरे<br>स.बाजे : गोपाल घिमिरे<br>ठेगाना : जितपुर-०६, काठमाडौं। | नाम : अचुत घिमिरे<br>बुबा : गोपाल घिमिरे<br>बाजे : श्रीनाथ घिमिरे<br>ठेगाना : जितपुर-०६, काठमाडौं। | काठमाडौं, धर्मस्थली<br>वडा नं ०९ क<br>कि.न. १६७<br>क्षेत्रफल : १-८-०-० |
| २ | ऋणी : अचुत घिमिरे<br>बुबा : गोपाल घिमिरे<br>बाजे : श्रीनाथ घिमिरे<br>ठेगाना : जितपुर-०६, काठमाडौं। | नाम : निर्मला घिमिरे<br>श्रीमान् : अचुत घिमिरे<br>स.बाजे : गोपाल घिमिरे<br>ठेगाना : जितपुर-०६, काठमाडौं। | काठमाडौं, धर्मस्थली<br>वडा नं ०९ क<br>कि.न. १६७<br>क्षेत्रफल : १-८-०-० |

**लिलामी तालिका**
**मिति : २०८० असार २९ गते शुक्रबार**
**स्थान : संस्थाको कार्यालय**
**समय : बिहान ११:०० बजे दिउँसो ३:०० बजे सम्म**

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोन : ०१-४४३५७७९-०१-४४३४३२०
E-mail : savingbachan@gmail.com, web : www.bachansaving.com.np

## कुवेतमा रोजगार
कम्पनी: ZENISH BEAUTY SALON. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०२/२५ चलानी नं.: ६०२०२८०९ L.T. No.: 287465

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nail Technician. | 0 | 4 | स. काममा दक्ष | 150 | ६४,२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १ गते (16 June 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## मलेसियामा रोजगार
कम्पनी: HOE HUP PROCESSING SDN.BHD. शहर : MELAKA
पूर्व स्वीकृत मिति: २०८०/०२/२५ चलानी नं.: ६०२०२८४६ L.T. No.: 287483

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: EPOLY PACKAGING INDUSTRY SDN.BHD. शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८०/०२/२५ चलानी नं.: ६०२०२८४२ L.T. No.: 287514

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: SIN HUAT LEE SDN BHD शहर :JOHOR
पूर्व स्वीकृत मिति: २०८०/०२/२५ चलानी नं.: ६०२०२८४३ L.T. No.: 287481

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी: DRAGON TASTE SEAFOOD WHOLESALE & RETAIL SDN BHD शहर : SELANGOR
पूर्व स्वीकृत मिति: २०८०/०२/२५ चलानी नं.: ६०२०२८४५ L.T. No.: 287484

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनी: PERFECTO BAKERY शहर : TAMAN INDAH
पूर्व स्वीकृत मिति: २०८०/०२/२५ चलानी नं.: ६०२०२८४४ L.T. No.: 287482

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० असार १ गते (16 June 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

